☎०७८-५४०१७०, ५४१११६
Email:info@kawasotimun.gov.np
Website: kawasotimun.gov.np

# कावासोती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
**शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**
**गण्डकी प्रदेश, नेपाल**

प.सं. २०७९/८०
च.नं.

**गाईभैसीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरताका लागि आवेदन पेश गर्ने सम्बन्धी सुचना।**

प्रथम पटक सुचना प्रकाशन मितिः २०७९/०९/०६

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत गाईभैसीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरताका लागि आ.व.२०७९/०८० को स्वीकृत कार्यक्रम बमोजिम यस नगरपालिका अन्तर्गत गाईभैसीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालनका लागि अघिल्लो आ.व. २०७८/७९ मा छनौट भई कार्य गरिरहेको कृषक समूहले आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन (२०७९/०९/२०) भित्र कावासोती नगरपालिका पशुपन्छी तथा मत्स्य विकास शाखामा तपशिलका कागजात सहित आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

**तपसिल**

| क्र.स. | कार्यक्रम | बजेट | आवश्यक कागजातहरु |
|---|---|---|---|
| १ | गाईभैसीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम निरन्तरता। | १२लाख | • कृषक समूहको तोकिएको ढाँचामा निवेदन र आधारभूत तथ्याङ्क फारम।<br>• कृषक समूहको दर्ता, नविकरण प्रमाणपत्रको प्रतिलिपि।<br>• करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि।<br>• कृषक समूहले कार्यक्रम सन्चालन गर्ने निर्णय र वार्षिक अडिट रिपोर्टको प्रतिलिपि।<br>• सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।<br>• कार्यक्रम संचालन हुने स्थान(जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौतानामा।<br>• निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि। |

**नोटः**

१. पकेट कार्यक्रम दुई वर्ष सम्म निरन्तरता हुने भएकाले अघिल्लो आर्थिक वर्षमा छनौट भएका पकेट समितिहरु हुनुपर्ने छ।

**विस्तृत जानकारीका लागि**

कावासोती नगरपालिका, पशुपन्छी तथा मत्स्य विकास शाखा (०७८–५४०१७०)

(पिताम्बर पाण्डे)
प्रमुख प्रशासकीय अधिकृत